# संक्षेपमा 'वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६०'

■ हरिराज न्यौपाने

वन क्षेत्रको व्यवस्थापनमा सरोकारवालाहरुको हितलाई प्रवर्द्धन गर्न र विकेन्द्रीकरणका सिद्धान्त अनुसार उनीहरुको सकृय सहभागिता सुनिश्चित गर्दै आपसी समन्वयमा वन व्यवस्थापनका कार्यहरु सरल एवं पारदर्शी, ढङ्गले कार्यान्वयन होस् भन्नका लागि श्री ५ को सरकारले वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६० तयार गरेको छ । यो दिग्दर्शन वन विभागले गठन गरेको तराई कार्यदलद्वारा तयार पारिएको प्रतिवेदनमा आधारित हो । पहाडी र हिमाली खण्डमा सामुदायिक वन (सा.व.) कार्यक्रमले उल्लेखनिय तवरले सफलता पाएता पनि तराई, चुरे तथा भित्री मधेसका क्षेत्रहरुमा सा.व. को व्यवस्थापनमा भएका कमजोरी सच्याउन र विगतमा सरकारद्वारा लागू गर्न खोजिएको वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan-OFMP) प्रभावकारी नभएकाले साझेदारी वन व्यवस्थापनको अवधारणा अवलम्वन गर्नु परेको कुरा उल्लेख गर्दै दिग्दर्शनमा अगाडि भनिएको छ "वन क्षेत्रको दिगो विकास, वन उत्पादकत्वमा अभिवृद्धि, जैविक विविधताको संरक्षण र सम्वर्द्धन तथा स्थानीय जनताको जीवन स्तरमा सुधारका साथै वन ऐन तथा नियमावली प्रभावकारी ढङ्गले लागू गर्न सहयोग पुगोस् भन्ने ध्येयले सबै सरोकारवालाहरुसँगको छलफल र सहमतिमा यो दिग्दर्शन ल्याइएको छ ।"

यस दिग्दर्शनका अनुसार साझेदारी वन व्यवस्थापन प्रथम चरणमा नमुनाको रुपमा वन विभागद्वारा तोकिएको सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा मन्त्रालयको स्वीकृती लिएर लागू गर्ने र सोको अनुभवमा चरणबद्ध हिसाबले अधिराज्यभरि नै बिस्तार गर्ने नीति लिइएको छ । यस लेखमा सो दिग्दर्शनलाई वन व्यवस्थापनका केही महत्वपूर्ण सवालहरु उपर केन्द्रित भै सङ्क्षिप्त रुपमा सार खिच्ने प्रयास गरिएको छ ।

## १. सरोकारवालाहरुको सहभागिता

वनको साझेदारी व्यवस्थापन दिग्दर्शन २०६० का अनुसार तराईमा सा.व. कार्यक्रम लागू गरिँदै आउँदा कमजोरीहरु भएको कुरा उठाइएको छ । त्यस्तै तराईको वनका आफ्नै बिशेषताहरु छन् जुन पहाडका भन्दा फरक छन् भनेर देखाइएको छ । त्यसकारण सा.व. कार्यक्रमभन्दा बेग्लै खालको साझेदारी वन व्यवस्थापन कार्यक्रम लागू गर्न वाञ्छनिय भनेर देखाइएको छ जसमा सबै सरोकारवालाहरुको सहभागिता रहन्छ । यसको संरचनामा विभिन्न समिति, उप-समिति, समूह र एकाइहरु छन् जहाँ वन कार्यालयका कर्मचारीहरु, जिल्ला विकास समिति (जि.वि.स.) का क्षेत्रीय सदस्य, गाउँ विकास समिति (गा.वि.स.) तथा वडाका प्रतिनिधिहरु, वनसँग सम्बन्धित भएर काम गर्ने संघ-संस्थाका प्रतिनिधिहरु, महिला समूहको प्रतिनिधि तथा वन सीमानाको ५ कि.मि. भित्र र बाहिरका एक-एक जना उपभोक्ताको सहभागिता रहन्छ । यसका साथै यस कार्यक्रमले रोजगारीको अवसर प्रदान गर्ने हुँदा निम्न वर्गका उपभोक्ताहरुको पनि राम्रो सहभागिता हुने छ जसले गर्दा वनको व्यवस्थापन र त्यस्ता वर्गको जीविकापार्जनमा समेत टेवा पुग्ने कुराको उल्लेख गरिएको छ ।

## २. पारदर्शिता

यस दिग्दर्शनका अनुसार साझेदारी वन व्यवस्थापनमा धेरै सरोकारवालाहरुको सहभागिता रहन्छ । त्यसरी सहभागी हुने विभिन्न सरोकारवालाहरु रहने गरी विभिन्न तहका सङ्गठित संरचनाहरु स्थापना गरेर व्यवस्थापनका कार्यहरु सरल र पारदर्शी ढङ्गले गराउने कुरा उल्लेख छ । त्यसैले साझेदारी वन व्यवस्थापनको संरचनामा विभिन्न समिति, उप-समिति, समूह, एकाइहरु (विभिन्न तहमा) बनाइएको छ जसले गर्दा सबै कुराहरुको खोजी हुने र सबैका अगाडि छलफल र निर्णय हुने हुँदा पारदर्शी हुन्छ

भनिएको छ । यसले गर्दा सबै सरोकारवालाहरुको सहभागिता बढ्ने कुराको दाबी गरिएको छ । अर्को तर्फ यो दिग्दर्शन ल्याउनु भन्दा अगावै यस विषयलाई लिएर विभिन्न तहमा सबै सरोकारवालाहरुसँग छलफल र सहमति भएको हुँदा सहभागिता र पारदर्शिताको दृष्टिकोणबाट यो सबल छ भनेर देखाइएको छ ।

### ३. वन पैदावार तथा आम्दानीको वितरण

### क. दक्षिणका जनतालाई वन पैदावारको आपूर्ति

स्थानीय तथा राष्ट्रिय रुपमा बढदो वन पैदावारको मागलाई दिगो रुपमा आपूर्ति गराउने लक्ष्य यस साझेदारी वन व्यवस्थापन मार्फत राखिएको छ । यसको मतलब वन्य स्रोतबाट टाढा (दक्षिण र सहर) का उपभोक्ताहरुको काठ र दाउराको आवश्यकता पुरा गर्नु पर्नेमा विशेष जोड दिएको देखिन्छ भने स्थानीय स्तरमा वन पैदावार जस्तैः डालेघाँस, टुप्पा-टुप्पी तथा स-साना काठ साझेदारी वन व्यवस्थापन समूहले निर्णय गरे अनुसार निशुल्क वा न्यूनतम् मूल्यमा उपभोक्ताहरुलाई उपलब्ध गराउने भन्ने उल्लेख गरिएको छ । त्यस्तै गैह्रकाष्ठ वन पैदावारको सदुपयोग पनि समूहको निर्णय अनुसार गरिन्छ । तर व्यापारिक प्रयोजनका लागि राजश्व र मूल्य अभिबृद्धिकर तिरी बिक्री गर्न सकिने भन्ने प्रावधान राखिएको छ भने अर्का तर्फ काठ दाउरा बिक्री गर्दा सरकारी दररेट नघटाई लिलाम बढाबढ गरी वितरण गरिने भनिएको छ ।

### ख. आम्दानी /राजश्वको बाँडफाँट

यस दिग्दर्शनको लक्ष्यमा स्पष्टरुपले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने भनेर लेखिएको छ । यसै अनुसार 'वन पैदावरको वितरण तथा आम्दानीको बाँडफाँट' भन्ने शीर्षकमा श्री ५ को सरकारको निर्णय अनुसार काठ दाउरा वितरणबाट आएको राजश्वको ७५% सरकारको संचित कोषमा जम्मा हुनेछ र बाँकी २५% स्थानीय स्तरमा जम्मा हुने भनिएको छ । यसरी स्थानीय स्तर (जि.वि.स., गा.वि.स. र उपभोक्ता) मा जम्मा हुने २५% रकमको बाँडफाँट जिल्ला वन क्षेत्र विकास समन्वय उप-समितिको निर्णय अनुसार गर्ने भनिएको छ ।

### ४. रोजगारीका अवसरहरु

वनको साझेदारी व्यवस्थापनको योजना तथा नीति तर्जुमा गर्दा खास लक्षित महिला तथा पिछडिएका वर्गको हित र उनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने कार्ययोजना तयार गर्ने भनिएको छ तर कस्तो योजनाले कसरी रोजगारीको अवसर प्रदान गर्छ त्यसबारे कहीं कतै उल्लेख गरिएको छैन । सा.व. कार्यक्रमबाट उपभोक्ता घरकूरियाहरुलाई रोजगारीका अवसरहरु दिन नसकेको हुँदा यस साझेदारी वन व्यवस्थापन कार्यक्रम मार्फत वनमा आधारित उद्योगहरु र आयमूलक कार्य गर्न सक्ने दाबी गरिएको छ ।

### ५. दिगो वन व्यवस्थापन

यस दिग्दर्शनमा राष्ट्रिय र स्थानीय तवरले माग भएका वन पैदावारहरु दिगोरुपमा आपूर्ति गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । दिगोरुपमा वन पैदावार प्राप्त गर्नको निमित्त दिगो वन व्यवस्थापन हुनु पर्दछ । तराई, चुरे र भित्री मधेसका वनहरुलाई उत्पादनशील र व्यवसायिक वनको रुपमा हेरिँदै आएको र देशमा हुने राजनैतिक परिवर्तन तथा आन्दोलनसँगै यस भित्रको वन क्षेत्रमा पर्दै आएको चापले चारकोशे झाडीलाई साँघुरो बनाउदै ल्याइराखेको छ । त्यसकारण वनको वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने कुरा टड्कारो रुपमा उठाइएको छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)